# पाइपलेयर
# ट्रेड टेस्ट
# नमुना प्राक्टिकल प्रश्नपत्र

此文件關於敷喉管工大工工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000 與香港建造業工藝測試中心聯絡。
This document related to mock test paper of trade test for Pipelayer. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

## डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ। यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नुहुँदैन।*

## सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टरलाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५, यु कोङ्ग रोड |
| Aberdeen | एबरडिन |
| Hong Kong | हङकङ |

| | |
|---|---|
| टेलिफोन | : (852) 2100 9000 |
| फ्याक्स | : (852) 2100 9090 |
| इमेल | : enquiry@cic.hk |
| वेबसाइट | : www.cic.hk |


© 2020 कन्स्ट्रक्सन इन्डस्ट्री काउन्सिल

# ट्रेड टेस्ट पेपर

ट्रेड : पाइपलेयर

ग्रेड : स्किल्ड वर्कर

परीक्षाको विषयवस्तु : दिइएका चित्रहरू अनुसार तोकिएको स्थानमा निम्न आइटमहरूलाई पूरा गर्नुहोस्:

1. वाटर टेस्ट का साथ डक्टाइल आइरन फलामे पाइपहरू जडान गर्ने: (60%)

   (ड्रइंग नं. 1 हेर्नुहोस्)

   (i) बेल्चा साबेल, मोर्टार लारी र यदि आवश्यक भएमा अन्य उपयुक्त औजारहरूले बेडिङलाई राम्रो बनाउनुहोस्;

   (ii) एन्कर बक्स लोकेसनका लागि पाइप ट्रेन्च खन्नुहोस्;

   (iii) हङकङ वाटर पाइप्स डिपार्टमेन्ट को सम्बन्धित मापदण्ड अनुसार डक्टाइल आइरन पाइपहरू जडान गर्नुहोस्; टाइटन ज्वाइन्टसँग फिट हुने चारवटा आउटिङ ज्वाइन्टहरू मध्ये एउटा छनौट गर्नुहोस्;

   (iv) जडानको काम पूरा भएपछि वाटर टेस्ट (5 वटा बारहरू) गर्नुहोस्;

   (v) निरीक्षण पश्चात् टेस्ट फिटिङहरू निकाल्नुहोस्।

2. (a) MDPE पाइपको एउटा सेक्सन जोड्ने: (40%)

   (ड्रइंग नं. 2 हेर्नुहोस्)

   (i) आवश्यक लम्बाइमा MPPE पाइपको दुईवटा सेक्सनहरू काट्नुहोस्;

   (ii) हङकङ वाटर पाइप्स डिपार्टमेन्ट को सम्बन्धित मापदण्ड अनुसार बट फ्युजन ज्वाइन्ट जोडजाड गर्नुहोस् (बट फ्युजन मेशिनको एड्जस्टमेन्ट र ज्वाइन्टहरूको निरीक्षण सहित)

(b) MDPE पाइपको एउटा सेक्सन (खण्ड) जोड्ने:

(ड्रइंग नं. 3 हेर्नुहोस्)

(i) आवश्यक लम्बाइमा MPPE पाइपको दुईवटा सेक्सनहरू काट्नुहोस्;

(ii) हङकङ वाटर पाइप्स डिपार्टमेन्ट को सम्बन्धित मापदण्ड अनुसार इलेक्ट्रो फ्युजन ज्वाइन्ट जोडजाड गर्नुहोस् । (वास्तविक फ्युजन आवश्यक पर्दैन र मेशिनलाई टर्न अन खोल्न आवश्यक पर्दैन)

समय अवधि: 6 घण्टा (खाना खाने समय बाहेक)


ध्यान दिनुपर्ने कुराहरू:

(i) परीक्षार्थीले परीक्षासम्बन्धी दिइएका आवश्यकताहरूलाई ध्यानपूर्वक पढ्नुपर्नेछ,


(ii) यदि परीक्षार्थीले परीक्षा अवधिभर सुरक्षा सावधानीहरू अबलम्बन गरेनन्/गरिनन् भने उनलाई अनुत्तीर्ण भएको मानिनेछ,

(iii) यो प्रश्नपत्र 6 पृष्ठको छ र परीक्षाको पूर्णाङ्क 100 (परीक्षा 1 को जम्मा अङ्क 60 छ; परीक्षाको 2 जम्मा अङ्क 40 छ); परीक्षा 1 तथा 2 का उत्तीर्ण अङ्कहरू क्रमशः 36 र 24 वा सोभन्दा माथि हुन्छन् ।


## पाइपलेयर ट्रेड टेस्टिङ ड्र्इंग




(ड्र्इंग नं. 1) डक्टाइल आइरन पाइप




(ड्र्इंग नं. 2)
बट फ्युजन ज्वाइन्टद्वारा MDPE पाइप एसम्बलको सेक्सन भ्यु




(ड्र्इंग नं. 3)
सेक्सन MDPE पाइप एसम्बलको भ्यु इलेक्ट्रो फ्युजन ज्वाइन्ट

पाइपलेयरका लागि ट्रेड टेस्ट

MDPE पाइपको फ्युजन तथा कुलिङको टेस्ट रेकर्ड

स्केल अनुसार छैन
देखाइका सबै (mm) मा छन्

2 (a) बट फ्युजन ज्वाइन्ट नं. : ______________________________ (परीक्षार्थी नं. अनुसार)

तताउने समय : ______________________________

चिस्याउने समय : ______________________________

2 (b) इलेक्ट्रोफ्युजन ज्वाइन्ट नं : ______________________________ (परीक्षार्थी नं. अनुसार)

फ्युजन समय : ______________________________

चिस्याउने समय : ______________________________

परीक्षार्थीको हस्ताक्षर : ______________________________ मिति : ______________________________

परीक्षक : ______________________________

परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू:

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन् ।

2. प्रश्नपत्रमा यदि कुनै ड्रइंग तथा स्पेसिफिकेसनहरू दिइएका छन् भने परीक्षार्थीहरूले परीक्षा सुरु हुनुभन्दा अगावै तिनीहरूलाई ध्यान दिएर पढ्नुपर्छ ।

3. परीक्षार्थीहरूले दिइएका प्रश्नपत्र, ड्रइंग तथा स्पेसिफिकेसनहरू अनुसार परीक्षा दिनुपर्छ ।

4. परीक्षार्थीहरूले परीक्षामा आउँदा सुरक्षा जुत्ता आफैले लिएर आउनुपर्नेछ । अन्य चाहिने सुरक्षा सामाग्रीहरू भने ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ । परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूलाई अनिवार्य पालना गर्नुपर्छ ।

5. परीक्षामा चाहिने सबै औजार तथा सामाग्रीहरू ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ र उपलब्ध गरिएका औजार तथा सामाग्रीहरूको पर्याप्तता तथा गुणस्तर चेकजाँच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ । परीक्षार्थीहरूले सबै औजार तथा सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ । परीक्षार्थीहरूले परीक्षापछि सबै औजारहरू ट्रेड टेस्टिङ सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्छ । यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्छन् ।

6. परीक्षार्थीहरूले परीक्षामा र सम्बन्धित कामहरू गर्न प्रयोगका लागि दिइएका औजार तथा सामाग्रीहरूलाई सम्हालेर चलाउन तथा सार्न आवश्यक हुन्छ ।

7. परीक्षा भइरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नुहुनेछ ।

8. परीक्षार्थीहरूलाई क्यामेरा वा मोबाइल फोनहरूबाट कुनै पनि फोटो वा भिडियो खिच्न अनुमति हुँदैन ।

9. आकस्मिक अवस्थामा बाहेक परीक्षार्थीहरूलाई ट्रेड टेस्टको समय अवधिभर आफ्नो मोबाइल फोन प्रयोग गर्न अनुमति हुँदैन ।

10. तल लेखिएका मापदण्डहरूमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ:

a) ड्रइंग तथा स्पेसिफिकेसनको सही बुझाइ

b) परीक्षाभन्दा पहिला सबै चाहिने तयारी

c) कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू

d) कार्यहरूको स्पष्टता तथा गुणस्तर

e) कार्यहरूको प्रगति

f) सामग्रीहरूलाई सही ढङ्गले चलाउने तथा प्रयोग गर्ने

g) औजार तथा उपकरणहरूलाई सही ढङ्गले प्रयोग गर्ने

h) सुरक्षा सावधानीहरूको पालना

i) अरु ट्रेडहरूको बारेमा विचार पुऱ्याउने

j) परीक्षा सकिएपछि समानहरूलाई मिलाउने र सरसफाइ

11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले परीक्षालाई अनिवार्य रोक्नुपर्छ।

12. परीक्षा सकिएपछि परीक्षार्थीहरूले प्रश्नपत्र अनिवार्य रूपमा परीक्षकलाई बुझाउनुपर्छ।

13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो र त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ।

| |
|---|
| **यदि परीक्षार्थीले कुनै पनि आवश्यक सुरक्षा सावधानीहरू पालना गर्न नसकेको र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरेको खण्डमा उनी फेल भएको मानिनेछ।** |